Gantabya
Vol.9 (1) : 163-186, 2024

# समाजभाषिक चिन्तन र भाषाशिक्षण

वीरेन्द्रकुमार बुढा[१]

## लेखसार

प्रस्तुत अध्ययन समाजभाषिक चिन्तन र भाषाशिक्षण बिचको सम्बन्धमा केन्द्रित छ। अध्ययनमा समाजभाषाविज्ञान र भाषाशिक्षणबिचको सम्बन्धलाई समस्याका रुपमा लिई अध्ययन कार्य गरिएको छ। पुस्तकालयीय कार्यबाट सामग्री सङ्कलन गरी अध्ययन गरिएको यस लेखमा निगमनात्मक तथा तार्किक शैलीमा विषयवस्तुको विश्लेषण गरिएको छ। यस अध्ययनबाट भाषाशिक्षणका सन्दर्भमा समाज सापेक्ष र सम्प्रेषणीय भाषा सिकाइका लागि सामाजिक भाषाविज्ञानको प्रयोग भाषाशिक्षणमा उपलब्धिपूर्ण रहेको पाइएको छ। भाषाशिक्षणका निम्ति उपयुक्त र आवश्यक पाठ्यवस्तु निर्धारण र निर्माण गर्न, शिक्षण विधि, मूल्याङ्कन प्रक्रिया एवम् सामग्री प्रयोगका लागि समाजभाषाविज्ञानको उपयोगिता रहेको पाइएको छ। भाषाशिक्षणमा मानक भेदको प्रयोगमा समाजभाषाविज्ञानले महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ। यसबाट समग्रमा भाषाशिक्षणका निम्ति आवश्यक पर्ने शिक्षण सामग्री, पाठ्यपुस्तक, शब्दकोश, व्याकरण र पूरक सामग्री आदिको प्रयोग र निर्माण गर्न समाजभाषाविज्ञानको भूमिका आवश्यक रहेको पाइएको छ। त्यसैगरी भाषाको संरक्षण र संवर्धनका निम्ति भाषानीति र योजना बनाई भाषिक समुदायको विकास गर्न एवम् भाषिक वक्ताहरूलाई

१ *द्रोणाचल बहुमुखी क्याम्पस, दुल्लु, दैलेख;* *Email: birendrabudha37@gmail.com*

सुसूचित गर्न समाजभाषाविज्ञानले सहयोग गर्ने भएकाले भाषाशिक्षण र समाजभाषाविज्ञानबिचको सम्बन्ध अन्योन्याश्रित भएको निष्कर्ष अध्ययनबाट प्राप्त भएको छ ।

**शब्द कुञ्जी :** क्रिओल, पिजिन, भाषाशिक्षण, भाषिक समुदाय, समाजभाषाविज्ञान

## विषय प्रवेश

समाजभाषाविज्ञानले भाषाको समाजपरक अध्ययन गर्दछ। यो समाजका सापेक्षतामा गरिने भाषाको वैज्ञानिक अध्ययन हो (भण्डारी र पौड्याल, २०६५, पृ. ७८) । भाषा सामाजिक वस्तु भएकाले समाज र भाषा एकअर्काका परिपूरक हुन् भन्ने मान्यता सामाजिक भाषाविज्ञानले राख्दछ। कुनै पनि समाजको चालचलन, रीतिरिवाज, परम्परा र संस्कृति सबैको संवहन भाषाले गर्दछ। समाजको स्तरअनुसार भाषाको प्रयोग पनि भिन्न ढङ्गमा हुने गर्दछ। विभिन्न वर्गका व्यक्तिहरूले बोल्ने भाषामा देखिने भिन्नताले पनि भाषा र समाजका बिचको सम्बन्ध प्रस्टिन्छ। यही समाज र भाषा बिचको सम्बन्धका कारण नै यी दुईलाई अलग गरेर हेर्न मिल्दैन भन्ने अवधारणा विकसित भई सामाजिक भाषाविज्ञानको जन्म भएको देखिन्छ। यस आधारमा समाज र भाषाबिचको अन्तर्सम्बन्धको अध्ययन नै समाजभाषाविज्ञान हो भन्न सकिन्छ ।

नेपाली समाजको ऐतिहासिक विकासक्रमसँगै नेपालमा भएका अनेक भाषाभाषीको सम्पर्क भाषाको रुपमा विकसित हुँदै, नेपाली भाषिकाहरूमध्येको एक मात्र माध्यम भाषा भई नेपालको राष्ट्रभाषासम्म हुने तथा नेपाल सरकार र नेपाली जनताले व्यक्तिगत र संस्थागत किसिमले मानकीकरण गरेर नेपाल सरकारको सरकारी कामकाजको माध्यम नेपाली भाषा बन्न पुगेको छ। नेपाली भाषालाई नेपालीहरूको साझा भाषाका रुपमा विकास गर्ने सिलसिलामा केकस्ता काम भए र के कस्ता कमजोरी भए तिनको लेखाजोखालगायत आगामी दिनमा नेपालमा भएका सबै भाषाहरूसहित नेपाली भाषाको समन्वयात्मक विकास कसरी गर्न सकिन्छ त्यसको अध्ययन समाजभाषाविज्ञानअन्तर्गत गर्ने गरिन्छ (पोखरेल, २०६९, पृ. ४३)। यस

आधारमा समाजभाषाविज्ञानको बारेमा अध्ययन गर्ने चिन्तन नै समाजभाषिक चिन्तन हो भन्ने देखिएको छ। समाजको आवश्यकता र चाहनाअनुसार नै मानिसले भाषाको विकास गर्ने भएकाले भाषामा समाजको गतिविधि र प्रकृतिले प्रभाव पार्ने गर्दछ (अधिकारी, २०६२, पृ. १५)। यसरी समाजभाषाविज्ञान र भाषाशिक्षणबिच अन्योन्याश्रित सम्बन्ध हुने भए पनि यी दुईबिचको सम्बन्धलाई लिएर अध्ययन हुन बाँकी देखिन्छ। यस अध्ययनमा भाषाशिक्षणको मार्गदर्शनका रुपमा रहने भाषापाठ्यक्रमको निर्माणदेखि त्यसको कार्यान्वयन तहसम्म आइपुग्दा समाजभाषाविज्ञानले भाषाशिक्षणमा केकस्तो प्रभाव पारेको हुन्छ भन्ने कुरालाई अध्ययनको विषय बनाइएको छ। यसर्थ प्रस्तुत अध्ययनलाई समाजभाषाविज्ञान, भाषाशिक्षण र यिनीहरू बिचको सम्बन्धको अध्ययनमा मात्र सीमित गरिएको छ। समाजभाषाविज्ञानका अन्य पक्षहरूबारे यसमा चर्चा गरिएको छैन।

## समस्या र उद्देश्य

भाषाशिक्षण र समाजभाषाविज्ञानबिच घनिष्ठ सम्बन्ध रहेको छ। भाषाशिक्षणका सामान्य सिकाइहरू समाजभाषाविज्ञानमा पनि आवश्यक हुन्छन्। भाषाबाट नै विचारको आदानप्रदान हुने भएकाले भाषा सिक्नै पर्ने हुन्छ। भाषाशिक्षण एउटा जटिल कार्य हो र बहुभाषिक मुलुकमा त झन् यो ठुलो चुनौतीका रुपमा रहेको पाइन्छ। शिक्षकले सिकारुको पारिवारिक पृष्ठभूमि, भाषिक स्तर, आर्थिक एवम् सामाजिक अवस्था, सिकारुको समुदायको पहिचान आदिका बारेमा पूर्व जानकारीबिना शिक्षण गरेमा शिक्षण निष्प्रभावी बन्न पुग्छ। भाषाशिक्षणका लागि आवश्यक यी सम्पूर्ण आधारभूत विषयको अध्ययन समाजभाषाविज्ञानले गर्ने भएकाले कुनै पनि भाषाको शिक्षणमा समाजभाषाविज्ञानको महत्त्वपूर्ण भूमिका रहेको देखिन्छ। यिनै विविध कुराहरूलाई मनन गर्दै यस अध्ययनमा समाजभाषाविज्ञान र भाषाशिक्षणबिचको सम्बन्धलाई समस्याका रुपमा लिई अध्ययनकार्य गरिएको छ।

प्रस्तुत अध्ययनमा समाजभाषाविज्ञान र भाषाशिक्षणबिचको सम्बन्धबारे अध्ययन गरी निष्कर्ष प्रस्तुत गरिएको छ। यसक्रममा समाजभाषाविज्ञानको

परिचय र भाषाशिक्षणको सङ्क्षिप्त चर्चाको साथमा यी दुई बिचको सम्बन्ध केलाई भाषाशिक्षणलाई कसरी प्रभावकारी बनाउन सकिन्छ भन्ने उद्देश्यका साथ अध्ययनकार्य अघि बढाइएको छ ।

## अध्ययन विधि तथा प्रक्रिया

प्रस्तुत अध्ययनका लागि सामग्री सङ्कलन, सङ्कलित सामग्रीको व्यवस्थापन र सामान्यीकरणमा निम्नानुसारका प्रक्रिया अवलम्बन गरिएको छन् :

## सामग्री सङ्कलन

यो गुणात्मक अनुसन्धान हो । अध्ययन कार्यको उद्देश्यमा उल्लेख भएअनुसार यस अनुसन्धानले समाजभाषिक चिन्तन र भाषाशिक्षणबिचको सम्बन्धलाई केलाउने हुनाले यस अध्ययन कार्यमा सामग्री र सूचनाहरू द्वितीयक स्रोतबाट मात्र बटुलिएका छन् । त्यसैले समाजभाषाविज्ञानको सूक्ष्म पक्षको अनुसन्धानका लागि उपयोगमा आउने प्राथमिक स्रोतका लागि अत्यावश्यक हुने स्थलगत सर्वेक्षण र प्रयोगात्मक निष्कर्षको यहाँ उपयोग गरिएको छैन । अध्ययनमा पुस्तकालयीय सामग्री र अनलाइन सामग्रीहरू उपयोग गरिएका छन् र त्यसबाट प्राप्त सामग्रीलाई व्यवस्थापन गरी अध्ययन विश्लेषण कार्य गरिएको छ ।

## सैद्धान्तिक पर्याधार

प्रस्तुत अध्ययनका लागि फिसमन (सन् १९७६), हडसन (सन् १९९६) र वार्डहग (सन् २000) का सिद्धान्तहरूलाई आधार बनाइएको छ र यिनै सिद्धान्तका आधारमा अध्ययन कार्य गरिएको छ । सस्युर (सन् १९५९, पृ. ९) को ल्याङ र प्यारोल, ब्लुमफिल्डको व्यतिरेकी वितरण, पाइक (सन् १९६७ ) को इमिक र इटिक, चोम्स्कीको आन्तरिक र बाह्य संरचना अनि भाषाको प्रकारगत अध्ययनका कार्यहरूका पृष्ठभूमि नै समाजभाषाविज्ञानका सैद्धान्तिक आधार भएकाले प्रस्तुत लेखमा यिनै सिद्धान्तहरूलाई अध्ययनको आधार बनाइएको छ ।

**समाजभाषाविज्ञानको परिचय** : भाषा समाजमै बोलिन्छ र समाजमै व्यवहृत

हुन्छ । भाषाको समाजपरक अध्ययनलाई समाजभाषाविज्ञान भनिन्छ (अधिकारी, २०५६, पृ. ३) । यसबाट समाजभाषाविज्ञान समाजसापेक्ष भएर भाषाको अध्ययन गर्ने विज्ञान हो भन्ने देखिएको छ । यस आधारमा भाषा स्वयम्मा एउटा सामाजिक वस्तु हुन पुगेको छ । यसर्थ भाषाविना सामाजिक सम्बन्ध र सम्पर्कको कल्पना गर्न पनि सकिँदैन भनिदै आइएको छ । मानव समाजमा व्यक्तिगत, पारिवारिक, सामुदायिक र सामाजिक तहका हरेक आवश्यकता र अपेक्षाहरूको परिपूर्ति गर्ने सम्पर्क स्रोत र आधार भाषा देखिएको छ । यही कारण भाषा र समाजको सम्बन्ध नङ र मासु जस्तै अभिन्न भएर रहेको छ । समाजका चालचलन, रीतिरिवाज, परम्परा र संस्कृतिका यावत् पक्षहरूलाई डोऱ्याएर गतिमान गराउने एवम् तिनको उत्थान, विकास, संरक्षण र सम्वर्धन गर्ने महत् कार्य सम्बन्धित समाजको भाषाले गर्ने गरेको देखिएको छ । त्यसैगरी समाजका साहित्य, सङ्गीत, कला र सौन्दर्यहरूको निर्माण, परख र प्रवर्द्धन गर्नमा पनि भाषाकै योगदान रहने गरेको छ (हडसन, सन् १९९६, पृ. १-२) । यसप्रकार समाजभाषाविज्ञानले भाषा समाजमा कसरी प्रयोग हुन्छ र कसरी समाजले भाषालाई प्रभाव पारेको हुन्छ भन्ने कुरा अध्ययन गर्ने गरेको देखिन्छ । भाषा सामाजिक सम्प्रेषण एवम् व्यवहारको महत्त्वपूर्ण र प्रभावकारी अध्ययन भएकाले समाजमा यसको प्रयोग विभिन्न सन्दर्भमा भएको देखिन्छ । त्यस कुरालाई मध्येनजर गरेर भाषाशिक्षण गर्दा भाषा शिक्षण प्रभावकारी हुने देखिएको छ ।

सामाजिक सद्भाव सहयोग हातेमालो, भावनात्मक एकता र हार्दिकताको सुसम्बन्ध निर्माण गरी स्वस्थ मानवीय संस्कारको विकास गर्नमा पनि भाषाकै महत्त्वपूर्ण योगदान रहेको देखिन्छ । कुनै पनि समाजले तत् तत् क्षेत्रमा बस्ने बासिन्दाहरूलाई मानवीय संस्कार दिन्छ, चेतनाको दियो बालिदिन्छ, शिक्षादीक्षा र ज्ञानविज्ञानले परिपूर्ण बनाउँछ, सभ्यता संस्कृति र सौन्दर्यका उज्याला पक्षहरूले आभूषित गर्छ र मान्छेलाई मान्छे जस्तो बनेर बाँच्ने र समृद्ध हुने आधार प्रदान गर्छ । तर यी सबै पक्षहरूका पछाडि त्यस समाजमा बोलिने वा व्यवहृत हुने भाषाले नै आधारभूत भूमिका खेलेको हुन्छ, माध्यमको काम गरेको हुन्छ र सम्बन्ध सूत्रको काम गरेको हुन्छ (पौडेल, २०७४, पृ. ७५) । समग्रमा समाजअनुसार भाषाको विकास र प्रबर्द्धन भएको हुन्छ ।

समाज र भाषा अध्ययनका मान्यताको खोजीसँगै समाजभाषाविज्ञानको जन्म भएको हो । भाषा र संस्कृतिका बिचको अध्ययन परम्परा धेरै लामो भए पनि समाजभाषाविज्ञानको अवधारणा सन् १९६० का दशकमा नै विकसित भएको हो (हडसन, सन् १९८०, पृ. १-४) । भाषाको प्रयोग समाजसापेक्ष रुपमा गर्ने क्रममा समाजभाषाविज्ञान विकसित भएको हो । यो भाषाविज्ञानको एक शाखा हो र यसले भाषा र समाजको विविध पक्षको अन्तर्सम्बन्धका विषयमा अध्ययन गर्दछ (क्रिस्टल, सन् २००३, पृ. ४२२) । यसरी समाजमा बोलिने भाषाको अध्ययन समाजभाषाविज्ञानमा गरिने र त्यही भाषाका विविध रुपलाई आधार बनाएर भाषाशिक्षण गरिने भएकाले समाजभाषाविज्ञान र भाषाशिक्षण एकआपसमा अन्तर्सम्बन्धित देखिएका छन् ।

भाषा सामाजिक व्यवहार भएकाले भाषा अध्ययनमा समाजिक पक्षसँगै भाषिक पक्ष महत्त्वपूर्ण हुने मान्यता समाजभाषाविज्ञानमा देखिन्छ । भाषा सामाजिक प्रकार्यको माध्यम भएकाले यसको भूमिका सामाजिक सञ्चरणमा नै अर्थपूर्ण हुन्छ । फरक सामाजिक सन्दर्भमा भाषा पनि फरक हुन्छ र त्यसले दिने अर्थमा पनि भिन्नता हुन्छ भन्ने मान्यता यस सन्दर्भमा स्मरणीय छ (हडसन, सन् १९८०, पृ.३) । यही आधारमा समाजभाषाविज्ञान भाषा अध्ययनको नयाँ विषय क्षेत्र भएको विश्लेषण पनि पाइन्छ । भाषिक समुदाय नै समाजभाषाविज्ञानको आधारभूत एकाइ हो ।

सामान्य भाषाविज्ञान र समाजभाषाविज्ञानमा स्पष्ट भेद देखिन्छ । सामान्य भाषाविज्ञान भाषिक प्रतीकको अध्ययन, भाषा नै अध्ययनको पक्ष, भाषाको महत्त्वपूर्ण एकाइ वाक्य, भाषा अध्ययनको लक्ष्य व्याकरण, भाषिक रुप वा संरचनाका अध्ययनमा केन्द्रित छ भने समाजभाषाविज्ञान सामाजिक प्रतीकका रुपमा भाषा अध्ययन, भाषिक अध्ययनको पक्ष सम्प्रेषण, भाषाको महत्त्वपूर्ण एकाइ शाब्दिक घटना, भाषिक अध्ययनको लक्ष्य सम्पूर्ण भाषा, भाषाको विन्यासगत पक्ष वार्तालाप, भाषाको अध्ययन सामाजिक प्रकार्य र भूमिका भएको तथ्य पनि उल्लिखित छ (श्रीवास्तव, सन् १९९७, पृ. १५१) । यही आधारमा सामान्य भाषाविज्ञानभन्दा समाजभाषाविज्ञानको सम्बन्ध भाषाशिक्षणमा बढी नजिक भएको देखिएको छ ।

सामान्य भाषाविज्ञानमा भाषाका मुख्य पक्ष ध्वनि, वर्ण, पद, वाक्य र अर्थमा जोड दिइएको हुन्छ भने समाजभाषाविज्ञानमा समाज र भाषाका प्रकार्यमा जोड दिइएको हुन्छ । समाजभाषाविज्ञान सामाजिक सन्दर्भ, सहभागीको स्तर र भूमिकासहितको सङ्कथनको अध्ययनको क्षेत्र हो । सामान्य भाषाविज्ञान वर्ण, पद, वाक्य, अर्थको अध्ययन हो भने सामाजिक प्रकार्यमा खोजी गर्ने शास्त्र समाजभाषाविज्ञान हो । यो भाषाविज्ञानको फरक, नवीन र मौलिक क्षेत्रका साथै एक शाखा पनि हो (पोखरेल, २०७६, पृ. १२०) । यसले भाषाको नवीन तरिकाले अध्ययन गरी भाषाको प्रयोगमा देखिएका परिवर्तनको पनि अध्ययन गर्दछ ।

समाजभाषाविज्ञानको सुरुवात सस्युरबाट भयो भन्ने मान्यता पश्चिमा भाषाविज्ञानमा व्याप्त देखिन्छ, तर संसारमा भाषिकाको अध्ययनको परम्परा बिसौँ शताब्दीको पहिलो दशकमा युरोपमा भएको भाषिका भूगोलबाट भएको हो (पोखरेल, २०६९, पृ. ४७) । अर्कातिर सोभियत सङ्घको क्रान्तिभन्दा अगाडि अर्थात् सन् १८१२-१८८० कै बिचमा नै स्लाभिक भाषिकाको अनुसन्धानको काम रुसमा भएको थियो भन्ने जानकारी लारिन, इसायेभ, रेज्निक र कोर्नरले दिएका छन् ।

यसप्रकार समाजभाषाविज्ञानको अध्ययन भाषाको प्रयोग पक्षमा केन्द्रित हुने गरेको देखिएको छ । भाषाशिक्षणले भाषाको प्रयोग पक्षलाई केन्द्रबिन्दुमा राखेर भाषिक सिपहरू सुनाइ, बोलाइ, पढाइ र लेखाइको विकासमा जोड दिने गरेको देखिन्छ । तसर्थ यी दुई बिचको सम्बन्ध अन्योन्याश्रित देखिएको छ ।

**समाजभाषाविज्ञानको क्षेत्र** : समाजभाषाविज्ञानमा भाषाको समाजशास्त्र र समाजभाषाविज्ञानका बिच पनि विश्लेषण गरेको पाइन्छ । यो अध्ययन क्षेत्र निर्धारणको दृष्टिकोण मात्र भएको उल्लेख गरिएको देखिन्छ । समाजशास्त्रीहरूको समाजको भाषापरक अध्ययनमा जोड तथा भाषाशास्त्रीहरूको भाषाको समाजपरक अध्ययनमा जोडबिच अन्तर रहेको देखिन्छ (हडसन, सन् १९८०, पृ. ४) । यसमा भाषिक प्रयोक्ता र सामाजिक संरचना बिचको सम्बन्धको अध्ययन नै मुख्य मानिन्छ । वक्ता श्रोताको सामाजिक पृष्ठभूमि, वक्ताश्रोता बिचको सम्बन्ध, अन्तर्क्रियाको विषय र

सन्दर्भबाट भाषाको संरचना र प्रकार्यसँगै अवस्थाको अध्ययन समाजभाषाविज्ञानको मौलिक क्षेत्र भएको उल्लेख छ (र्‍याडफोर्ड र अन्य, सन् १९९९, पृ. १६) । यसबाट समाज र भाषाको प्रत्येक सम्बन्धका बारेमा अध्ययन गर्ने भाषाविज्ञानको शाखा समाजभाषाविज्ञान भएको स्पष्ट हुन जान्छ ।

समाजभाषाविज्ञानमा क्षेत्रीय र सामाजिक भाषिका, भाषाका प्रयोगमा देखिने ठोस र नरमपन, भाषिक आदर, संवाद निर्धारक, भाषाका विविधता र परिवर्तन, भाषाको मानक र अमानक प्रयोग आदिको अध्ययन सन्दर्भको चर्चा पनि पाइन्छ (वार्डहग, सन् २०००, पृ. १९) । यसक्रममा भाषा, भाषिका र यिनका प्रकार, पिजिन र क्रिओल भाषाहरू, कोड चयन, भाषा समुदाय, क्षेत्रीय र सामाजिक विभेद, भाषिक परिवर्तन, भाषा र संस्कार, जनजातिशास्त्र र अध्ययन पद्धति, ठोस र नरमपन, अभिनय र संवाद, भाषा र लिङ्ग, भाषिक योजना समाजभाषाविज्ञानको अध्ययन क्षेत्र भएको देखिन्छ । समाजभाषविज्ञानमा बहुभाषिक समुदाय र भाषाप्रयोग, भाषिक विविधता, राष्ट्रिय भाषा र भाषिक योजना, भाषिका, उमेर र लिङ्ग, जनजाति र सामाजिक सञ्जाल, शैली, सामाजिक सन्दर्भ आदिको अध्ययन हुने गरेको देखिन्छ (अधिकारी, २०६२, पृ. ४-५) । यसप्रकार समाजभाषाविज्ञानको अध्ययनले बहुभाषी कक्षामा भाषाशिक्षणको अवस्था पहिचान गरी भाषाशिक्षणलाई प्रभावकारी बनाउन सकिने देखिएको छ । समाजभाषाविज्ञानले भाषिक समुदायको पहिचान, भाषाबाट समाजको अपेक्षा, भाषिक भेद, समाजमा बोलिने भाषाहरू बिचको सम्बन्ध, भाषाको अपसरण, भाषा अपक्षय, भाषा प्रयोगको स्थिति आदि कुराको अध्ययन गर्ने गरेको देखिएको छ । यिनै कुराको शिक्षण भाषाशिक्षणमा गर्नुपर्ने भएकाले यी दुई बिचको सम्बन्धलाई अलग गरेर अध्ययन गर्न नसकिने देखिएको छ ।

भाषा मानवसमुदायको अत्यावश्यक वस्तु भएकाले भाषाका माध्यमबाट समाजमा विभिन्न कार्यव्यापार सम्पन्न हुने गर्दछन् । त्यसैले भाषाशिक्षणका सन्दर्भमा पनि सामाजिक भाषाविज्ञानको प्रयोग निकै भएको पाइन्छ । वर्तमान सन्दर्भमा समाज सापेक्ष र सम्प्रेषणीय भाषा सिकाइका लागि सामाजिक भाषाविज्ञानको प्रयोग भाषाशिक्षणमा उपलब्धिपूर्ण रहेको छ (ओझा, २०७४,

पृ. ६०-६१) । भाषा स्वयम्मा एउटा सामाजिक वस्तु हो । भाषाविना समाजिक सम्बन्ध र सम्पर्कको कल्पना गर्न सकिँदैन । व्यक्तिगत, पारिवारिक, सामुदायिक र सामाजिक तहका हरेक आवश्यकता र अपेक्षाहरूको परिपूर्ति गर्ने स्रोत र आधार भाषा नै हो । समाजका चालचलन, रीतिरिवाज, परम्परा र संस्कृतिका यावत् पक्षहरूलाई डोऱ्याएर गतिमान गराउने एवम् तिनको उत्थान, विकास, संरक्षण र सम्बर्द्धन गर्ने महत् कार्य सम्बन्धित समाजको भाषाले नै गरेको हुन्छ । त्यसै गरी समाजका साहित्य, सङ्गीत, कला र सौन्दर्यहरूको निर्माण, परख र प्रवर्द्धन गर्नमा पनि भाषाकै योगदान रहेको हुन्छ (हडसन, सन् २०२०, पृ ६८) । यसप्रकार समाजभाषाविज्ञानले समाजको कला, संस्कृति, चालचलन, रीतिरिवाजको अध्ययन गर्नुका साथै साहित्यको विकासमा महत्पूर्ण भूमिका निर्वाह गर्ने भएकाले भाषाशिक्षणमा यसले प्रत्यक्ष प्रभाव पार्ने गरेको देखिएको छ ।

सामाजिक सद्भाव, सहयोग, हातेमालो, भावनात्मक एकता र हार्दिकताको सुसम्बन्ध निर्माण गरी स्वस्थ मानवीय संस्कारको विकास गर्नमा पनि भाषाकै महत्त्वपूर्ण योगदान रहेको हुन्छ (पौडेल, २०७४, पृ. ७५) । समाज र भाषाको घनिष्ठ अन्तरसम्बन्धका कारणले नै समाजभाषाविज्ञानको जन्म भएको हो । मानिस स्वयम्मा एक सामाजिक प्राणी हो र समाजका यावत् कार्य र व्यवहारमा भाषाकै माध्यमले ऊ एक जिम्मेवार सदस्यका रुपमा सरिक भइरहेको हुन्छ । समाजमा भाषाको स्वरुप र प्रकृति अत्यन्त विविधतामय हुन्छ । उमेर, लिङ्ग, पेसा, व्यवसाय, मान, प्रतिष्ठा, आदर, साइनो, वर्ग, बसोबासको स्थिति, शिक्षा र चेतनाको स्तर, आर्थिक स्तर, धार्मिक आस्था, अर्ती, उपदेश, आदेश, अनुरोध, हर्ष, विस्मात् आदि यावत् कुराले सामाजिक भाषाको प्रकृति र त्यसका कार्य क्षेत्रहरू अभिनिर्देशित भएका हुन्छन् (पोखरेल, २०७६, पृ. १२४) । भाषा समाजसापेक्ष रुपमा विकसित भएको हुन्छ । भाषालाई समाजका यावत् कुराहरूले प्रभाव पारेका हुन्छन् ।

समाजमा व्यवहृत हुने भाषा एउटा मात्र नभएर एकभन्दा बढी हुन सक्छन् र एउटै भाषाका पनि विविध क्षेत्रीय र सामाजिक भेदमा विभाजित रुपहरू हुन सक्छन् । त्यसैगरी समय र समृद्धिको आवश्यकताअनुसार सम्बन्धित समाजमा

अप्रचलित भाषा पनि सिक्नु वा जान्नु पर्ने स्थिति आइपर्छ । शैक्षिक आवश्यकता, ज्ञानविज्ञानका आवश्यकता, रोजगारीका आवश्यकता, अनुसन्धानात्मक आवश्यकता र अन्य विविध क्षेत्रका आवश्यकताहरूको परिपूर्ति गर्न राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका भाषाहरू पनि सिक्नु सिकाउनु पर्ने हुन्छ । एकभाषिक समाजमा त्यस भाषामार्फत पूरा गर्नुपर्ने सामाजिक दायित्वलाई परिमार्जित रुप दिन मातृभाषाकै रुपमा पनि भाषा शिक्षण गर्नुपर्ने हुनसक्छ भने द्विभाषिक र बहुभाषिक समाजमा त झन् सम्पर्क भाषा, सरकारी कामकाजको भाषा र मानक भाषाको सिप समृद्धिका लागि भाषा शिक्षण कार्य अपरिहार्य आवश्यकता बनेको हुन्छ (अधिकारी, २०६२, पृ.७५-८१) । यसरी भाषाले एकातिर समाज तथा राष्ट्रलाई नै एकतामा उन्ने काम गर्छ भने अर्कातिर अन्तर्राष्ट्रिय स्तरमा सम्बन्ध कायम गर्न पनि सहयोग गर्ने भएकाले भाषाशिक्षणमा यसको भूमिका महत्त्वपूर्ण रहेको कुरा समाजभाषाविज्ञानमा चर्चा गरिएको पाइएको छ ।

कुनै पनि राष्ट्र वा समाजको ध्येय समृद्ध मानवीय समाज निर्माण गर्नु रहेको हुन्छ र त्यस्तो समाज निर्माण गर्ने आधारभूत माध्यम र सम्पर्क स्रोतको काम भाषाले गर्ने भएकाले भाषाशिक्षण कार्य अनिवार्य जस्तै भएको छ । सम्बन्धित भाषाको सिप दक्षताविना विविध सामाजिक दायित्व निर्वाह गर्न नसकिने तथा वैयक्तिक र सामाजिक आवश्यकताहरूको निर्वाध परिपूर्ति गर्न पनि नसकिने भएकाले सम्बन्धित भाषा शिक्षण गर्नु सामाजिक जीवनकै अपरिहार्य अङ्ग बनेको हुन्छ (पौडेल, २०७४, पृ. ७६) । कुनै पनि भाषाशिक्षण समाजभाषाविज्ञानको क्षेत्रभन्दा बाहिर गएर निरपेक्ष ढङ्गले गर्न सकिँदैन ।

भाषाशिक्षण बोध र अभिव्यक्तिगत सक्षमता र सामर्थ्य विकाससँग सम्बन्धित हुन्छ तर त्यो भाषिक सामर्थ्य सामाजिक दायरा निरपेक्ष बनाएर हासिल गर्न सकिँदैन । व्यक्ति जुनसुकै विज्ञ र धुरन्धर भए पनि सामाजिक दृष्टिले सम्प्रेषणीय दक्षताका क्षेत्रमा अनभिज्ञ छ भने त्यस्तो विज्ञताको कुनै अर्थ हुँदैन । भाषा शिक्षणका उद्देश्यहरू सामाजिक भाषिक आवश्यकता परिपूर्तिका लागि निर्माण गरिएका हुन्छन् । भाषिक सिप विकासका आधार स्रोतहरू विविध सामाजिक सन्दर्भमा आधारित विषयवस्तुहरूमा निर्भर हुन्छन् । भाषा शिक्षणका

विधि र प्रक्रियाहरू समाजभाषिक आवश्यकता परिपूर्ति गर्ने स्रोत र सामग्रीमा आधारित हुन्छन् (अधिकारी, २०६२, पृ.१०३-१०५)। तसर्थ भाषाशिक्षणलाई भाषापाठ्यक्रमको उद्देश्यअनुरुप बनाउन समाजभाषाविज्ञानको अध्ययन जरुरी देखिएको छ ।

भाषिक परीक्षण र मूल्याङ्कनका ध्येयहरू पनि समाजभाषिक अपेक्षा परिपूर्तिका उपलब्धि मापन गर्नमा केन्द्रित हुन्छन् । भाषा शिक्षणका विधि र प्रक्रियाको चयन, पाठ्यक्रम र पाठ्यसामग्री निर्माण, विविध नवीन तथा प्रभावकारी शिक्षण विधि र प्रविधिको खोज र प्रयोगजस्ता पक्षहरू समाजभाषिक अपेक्षा र सन्दर्भभन्दा बाहिर जान सक्दैनन् । यी सबै कुरा गर्नुको अर्थ र अभिप्राय समाजभाषाविज्ञान र भाषाशिक्षण एकआपसमा कहिल्यै पनि निरपेक्ष हुन सक्दैनन् बरु एकआपसमा सापेक्ष भएर गतिमान भइरहेका हुन्छन् । समाजभाषाविज्ञानले भाषाशिक्षणको आवश्यकता बोध गराई त्यसका लागि आवश्यक पर्ने सन्दर्भ र स्रोत जुटाइदिन्छ भने भाषाशिक्षणले सामाजिक आवश्यकताअनुसारका भाषिक सिप सम्बर्धन र सम्प्रेषणीय दक्षता विकासका उपलब्धि हासिल गराउने कोसिस गरिरहेको हुन्छ (पोखरेल, २०७६, पृ. १३९) । यसप्रकार भाषाशिक्षकलाई भाषाशिक्षण किन गर्ने, कसरी गर्ने भन्ने कुराको ज्ञान समाजभाषाविज्ञानले दिने भएकाले यसको अध्ययन अपरिहार्य देखिएको छ ।

एस.पिट. कर्डर (१९७३) ले भाषावैज्ञानिक अध्ययनको उपयोगका तीन तह औँल्याएका छन् : पहिलो तह भाषाविज्ञान वा समाजभाषाविज्ञानअन्तर्गत भाषिक उच्चारहरू सम्बन्धमा, दोस्रो तहअन्तर्गत भाषाहरूको वर्णन र तेस्रो तह मनोविज्ञानअन्तर्गत सिलेबस पाठ्यवस्तु र शिक्षण सामग्रीको अध्ययन गरिन्छ । यसरी भाषावैज्ञानिक अध्ययन भाषाशिक्षणका लागि उपयोगी भए पनि यिनलाई सोझै उपयोग गर्दा जटिलता थपिन सक्ने भएकाले तिनको उपयोग गर्दा विद्यार्थीहरूको समाजभाषिक आवश्यकता र मनोवैज्ञानिक पक्षहरूको पनि ख्याल गर्नुपर्छ (भण्डारी र पौड्याल, २०६५, पृ. ८८) । समग्रमा समाजभाषिक चिन्तन र भाषाशिक्षणका अन्तरसम्बन्धलाई सूक्ष्म ढङ्गले केलाउँदै जाँदा समाजभाषिक चिन्तन र भाषाशिक्षणबिच अन्योन्याश्रित सम्बन्ध रहेको

देखिएको छ ।

## विश्लेषण

भाषाशिक्षणमा समाजभाषिक अध्ययन एक नवीन मान्यता हो। भाषाशिक्षणलाई प्रभावकारी र उद्देश्यमूलक बनाउन समाजभाषाविज्ञानमा यो निकै चर्चा र बहसको विषय बनेको छ। यस अध्ययनमा भाषाका विभेद देखाउने सामाजिक चरमा सामाजिक तत्त्व (लिङ्ग, भूगोल, उमेर, पेसा) रहने तथा भाषिक चरमा भाषिक पक्ष (भाषा, भाषिका, शैली, वाक्यीय ढाँचा, पद पदावली, विशेष ध्वनि) का आधारमा भाषापाठ्यक्रम, भाषापाठ्यपुस्तक, शिक्षण सिकाइ प्रविधि र भाषिक मूल्याङ्कनका आधारमा भाषाशिक्षणसँग समाजभाषाविज्ञानको सम्बन्धको अध्ययन यसप्रकार गरिएको छ :

## भाषापाठ्यक्रम र समाजभाषिक चिन्तन

निर्धारित अवधिभित्र भाषाका विविध सिप सिकाइका लागि तयार पारिएको क्रमबद्ध योजना भाषापाठ्यक्रम हो। भाषालाई साधन र साध्य, माध्यम र विषयका रुपमा पठनपाठन गर्ने गरिन्छ। मातृभाषा, राष्ट्रभाषा, पहिलो भाषा, दोस्रो भाषा र विदेशी भाषा सिकाइका लागि तयार पारिएको क्रमबद्ध योजना भाषापाठ्यक्रम हो। यसमा भाषा विषयका पाठ्यांशका उद्देश्य, विषयवस्तु र त्यसको क्रम, सङ्गठन, सिकाइ क्रियाकलाप तथा सिकाइ सहजीकरण र मूल्याङ्कन जस्ता कुराहरू समाविष्ट भएका हुन्छन् (लम्साल, २०७६, पृ. १२८)। विचार विनिमयको सशक्त माध्यम भाषाको अध्ययन क्षेत्र विशद् छ। भाषाकै माध्यमबाट व्यक्तिका भावना, संवेदना, पीडा र दुःखको विनिमय हुन्छ। संस्कृति परम्परा र स्वयम् भाषा पनि भाषाकै माध्यमबाट हस्तान्तरित हुन्छन्। भाषाको अध्ययन स्वविषयक मात्र नभई अन्तर्विषयक पनि हुन्छ।

विज्ञान, मानविकी, सामाजिक विषय तथा सूचना प्रविधिका क्षेत्रमा समेत यसको अध्ययन हुन्छ। प्रसिद्ध समाजभाषाशास्त्री ह्यालिडेले भाषाका तीन परिप्रेक्ष्य बताएका छन्। भाषा सिकाइ (एक विषयका रुपमा : नेपाली, मैथली, अङ्ग्रेजी आदि), भाषाद्वारा सिकाइ (नेपालीका माध्यमबाट विज्ञान, गणित, इतिहास आदिको अध्ययन), भाषाका विषयमा सिकाइ (कुनै भाषाका विषयमा

भाषाशास्त्रीय विवेचना)। यसप्रकार भाषा सिकाइसम्बन्धी सैद्धान्तिक अवधारणालाई शैक्षिक सांस्कृतिक दर्शनका समग्र पक्षमा आधारित भई कक्षाकोठामा प्रयोग गरिने सामग्री भाषापाठ्यक्रम हो। भाषापाठ्यक्रममा विद्यार्थी वा सिकारुले कुन कुन उद्देश्य र भाषिक सिप प्राप्ति गर्ने उक्त उद्देश्य र सिप प्राप्तिका लागि कुन कुन विधिबाट अध्ययन गराउने भन्ने किटान गर्नुका साथै विषयको गहिराइ र मूल्याङ्कन विधिसमेत तोकिएको हुन्छ। त्यसमा सिकारुलाई सिकाइ सहजीकरणका लागि कुन कुन विधि उपयोग गर्ने भन्ने कुरा समेत राखिएको हुन्छ (भण्डारी र पौड्याल, २०६५, पृ.८३)। त्यसैले भाषपाठ्यकम निर्माण गर्दा उद्देश्य निर्धारणदेखि लिएर पाठ्यकम पूर्ण रुपमा तयारी गर्दासम्म कहीँ न कहीँ कुनै न कुनै तरिकाले समाजभाषाविज्ञानले प्रभाव पार्ने देखिएको छ।

पाठ्यक्रम निर्माणमा समाजभाषाविज्ञानको अध्ययन आवश्यक देखिन्छ। पाठ्यकमले सबै भाषिक समुदायका भाषिक क्षमतालाई विचार गर्नुपर्ने हुन्छ। भाषा सबै भाषिक समुदायका व्यक्तिलाई सिकाउनुपर्ने भएकाले ती सबै समुदायका व्यक्तिलाई भाषा सिकाउने उद्देश्यले भाषापाठ्यक्रम निर्माण गर्नुपर्ने हुन्छ। यसरी नै विभिन्न जातजाति, संस्कार, वर्ग, प्रकार, भूमिका, स्तर, नातागोता आदि पनि पाठ्यक्रम निर्माणमा प्रभावक तत्वका रुपमा रहन्छन् (भण्डारी र पौड्याल, २०६५ पृ. ८५)। यसप्रकार समाजको स्तर, तह, वर्ग, भाषिक अवस्था जस्ता कुराहरू ख्याल गरेर भाषापाठ्यकम निर्माण गरिनुपर्छ भन्ने मान्यता समाजभाषिक चिन्तकहरूको रहेकाले समाजभाषिक चिन्तन र भाषापाठ्यक्रमबिच अन्योन्याश्रित सम्बन्ध रहेको देखिन्छ।

भाषाशिक्षणका लागि मार्गदर्शनका रुपमा रहेको भाषापाठ्यकम निर्माणका लागि समाजभाषाविज्ञानले महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ। समाज परिवर्तनशील भएजस्तै भाषा पनि परिवर्तनशील हुन्छ त्यसकारण भाषापाठ्यकम निर्माण गर्दा समाजभाषाविज्ञानको सहयोग लिनु अत्यावश्यक रहेको देखिएको छ। तसर्थ समाजभाषाविज्ञानको अध्ययन नगरी पाठ्यकम निर्माण गरेपछि समाजमा बोलिने भाषा एकातिर र भाषाशिक्षण अर्कातिर जाने देखिन्छ।

## भाषापाठ्यपुस्तक र समाजभाषिक चिन्तन

भाषापाठ्यपुस्तक सम्बन्धित तह र कक्षाको भाषापाठ्यक्रमअनुरुप तयार पारिएको पाठ्यसामग्री हो । यो भाषाशिक्षण सिकाइको प्रमुख तथा आधिकारिक सामग्री हो (ढकाल, २०७४, पृ. ७०) । पाठ्यपुस्तककै सहयोगले शिक्षकले आवश्यकीय शिक्षण योजना बनाई सुनिश्चित प्रकिया र गोरेटो समाएर शिक्षण गर्न सक्छन् । भाषापाठ्यक्रम भाषाशिक्षणको सैद्धान्तिक दस्तावेज हो भने भाषापाठ्यपुस्तक पाठ्यक्रमका सैद्धान्तिक कुराहरूलाई व्यावहारिक कार्यकलाप तथा प्रकियामा ढालेर उद्देश्य पूर्ति गर्न महत्त्वपूर्ण एवम् प्रभावकारी सहयोग पुऱ्याउने भरपर्दो सामग्री हो ।

भाषापाठ्यपुस्तक तयार पार्दा विद्यार्थीको भाषिक पृष्ठभूमि, पारिवारिक तथा सांस्कृतिक पृष्ठभूमि, भाषिक समुदायको स्थिति, विद्यार्थीको रुचि, भौगोलिक अवस्था तथा सम्बन्धित क्षेत्रका व्यक्तिहरूको पेसा व्यवसाय जस्ता कुराहरू ख्याल गर्नुपर्ने हुन्छ । उपर्युक्त कुराहरू समाजभाषाविज्ञानको अध्ययन क्षेत्र भएकाले सम्बन्धित क्षेत्रको विस्तृत अध्ययन गरी भाषापाठ्यपुस्तक निर्माता वा लेखकलाई मार्गनिर्देश गर्न समाजभाषाविज्ञान उपयोगी देखिन्छ । भाषाका विविध पक्षमा सिकारुलाई कियाशील गराउनुपर्दछ । स्तरयुक्त र आवश्यकीय सामग्री एकातिर प्रमुख रुपमा आउँछन् भने अर्कोतिर सिकारुलाई दिइने सामग्री भाषिक सिप विकासका दृष्टिले पनि त्यतिकै महत्त्वपूर्ण हुन्छन् (पौडेल, २०७३, पृ. १८६-१८७) ।

भाषापाठ्यक्रमअनुसार तयार पारिने पाठ्यपुस्तकमा भाषिक आवश्यकता, रुचि, स्तर, क्षमता, सिकाइ प्रवृतिजस्ता भाषिक घटकहरूको व्यवस्था गरिएको हुन्छ । यसका माध्यमले सिकारुमा भाषिक सिपको विकास गराउनुका साथै थप भाषिक ज्ञान आर्जनमा सहयोग मिल्दछ । सामाजिकीकरणका लागि आवश्यकीय र स्तरयुक्त पाठ्यसामग्री, स्तरीय अध्ययन, अभ्यास, गृहकार्य, कक्षाकार्य, अभिनयात्मक कार्य, उत्पादनात्मकताजस्ता कार्यमा सरिक भएर भाषाका बोध र अभिव्यक्तिगत कार्यमा सबल बनाउन तथा त्यसको सिर्जनात्मक एवम् रचनात्मक प्रयोग बढाई सिकारुलाई सामाजिकीकरणमा सहयोग गर्न पनि पाठ्यपुस्तक उपयोगी हुनुपर्दछ (पौडेल, २०७३, पृ. १९३-

१९५) । उपर्युक्त कुराहरूलाई मध्येनजर गर्दा समाजभाषाविज्ञानको अध्ययनविना तयार पारिएको पुस्तक अपूरो हुने देखिन्छ ।

## भाषाशिक्षण सिकाइ प्रक्रिया र समाजभाषिक चिन्तन

आवश्यकताहरूको पहिचान गरिसकेपछि उद्देश्यहरूको छनोट गरिन्छ र त्यसका आधारमा पाठ्यवस्तुको संरचना तथा क्रमको निर्धारण गरेर त्यसलाई सशक्त रुपमा प्रस्तुत गर्न उपयुक्त शिक्षणसिकाइ प्रकिया प्रभावकारी रुपमा सञ्चालन गरिन्छ । शिक्षणप्रकिया मूलतः सिकारुको व्यावहारिक भाषिक व्यवहार परिवर्तन गर्नका लागि निकै उपयोगी ठानिन्छ तर यसको उपयोग परम्परागत रूढ अर्थका रुपमा नभएर आधुनिक समसामयिक वृतमा रहेर गर्न सक्नुपर्दछ । छनोट गरिएका उद्देश्यहरूलाई प्रभावी बनाउन पाठ्यवस्तुको संरचना र क्रममात्र पूर्ण छैन । यसको प्रभावकारिताको श्रेय शिक्षण प्रक्रियालाई जान्छ, जसका माध्यमबाट सिकाइमा पूर्ण सफलता प्राप्त गर्न सकिने स्थितिको सिर्जना हुन पुग्दछ (ढकाल, २०७४, पृ. १३०) । भाषा शिक्षण सिकाइलाई प्रभावकारी र उपयोगी बनाउन समाजभाषाविज्ञानको अध्ययनले सघाउ पुग्ने देखिएको छ ।

सिकारुको रुचि जगाउने नाटकीकरण, अभिनय, खेल आदि विधिको प्रयोगले भाषाको शिक्षण गर्न सकियो भने तल्ला कक्षाको भाषिक स्तर उकास्न सकिन्छ । समाजभाषाविज्ञाले समाजमा रहेका जातजाति, वर्ग, भाषिक समुदाय, पेसा व्यवसायको अध्ययन गर्ने र उक्त समूहले गर्ने गतिविधिलाई शिक्षणसिकाइ प्रकियामा अबलम्बन गर्न सकिने भएकाले यी दुईबिचको सम्बन्ध नङ मासुको जस्तो रहेको देखिएको छ । जतिसुकै राम्रो पाठ्यक्रमका आधारमा तयार पारिएका पाठ्यपुस्तक भए पनि उपयुक्त शिक्षण विधिका अभावमा सिकाइ प्रकिया प्रभावकारी बन्न सक्दैन । तसर्थ पाठ्यवस्तुको क्रम र संरचनापछि आउने शिक्षण प्रकिया विद्यार्थी मैत्री बनाउन विद्यार्थीको भाषिक पृष्ठभूमि, पारिवारिक तथा सांस्कृतिक अवस्था, भौगोलिक तथा पेसाव्यवसायगत पृष्ठभूमि बुझेर भाषाशिक्षण प्रकिया अवलम्बन गर्दा सिकाइ प्रभावकारी हुन्छ (शर्मा र पौडेल, २०६८, पृ. ८२-८३) । उपर्युक्त कुराहरू समाजभाषविज्ञानको क्षेत्र भएकाले शिक्षण प्रकिया र समाभाषिक चिन्तनबिचको सम्बन्ध अन्योन्याश्रित देखिएको छ ।

## भाषिक मूल्याङ्कन र समाजभाषिक चिन्तन

मूल्याङ्कन प्रक्रिया शैक्षिक प्रणालीको मेरुदण्ड नै हो । हरेक क्रिया प्रक्रिया तथा कार्यको मूल्याङ्कन अपरिहार्य मानिए जस्तै शैक्षिक प्रणालीमा पनि यसको ठुलो महत्त्व रहेको देखिन्छ। यसले भाषापाठ्यक्रमले तय गरेका उद्देश्य र ती उद्देश्यका आधारमा तयार पारिएका पाठ्यवस्तुका क्रम तथा संरचना सार्थक छन् वा छैनन् भन्ने कुराको निरुपण गर्ने कार्य गर्दछ। यसले निर्धारित आवश्यकताहरू छनोट भएका पाठ्यवस्तु, लक्षित शैक्षिक प्रक्रियाहरू के कति र कुन रुपमा सार्थक छन् वा छैनन् भन्ने कुराको पनि निर्धारण गर्दछ (ढकाल, २०७४, पृ. १५४) । यसप्रकार भाषिक मूल्याङ्कनले नै भाषाशिक्षणको औचित्य पुष्टि गर्दछ ।

पाठ्यक्रमको विकास गर्दा आवश्यक पर्ने खास तत्वहरू पाठ्यक्रमको प्रकृति, स्तर, तह, उमेर क्षमता, वातावरण, आवश्यकता, उपयुक्तता जस्ता पक्षहरूको मूल्याङ्कन गर्नुपर्ने हुन्छ। यी पक्षहरू समाजभाषाविज्ञानको अध्ययन क्षेत्र भएकाले केकसरी मूल्याङ्कन गर्ने भन्नका लागि समाजभाषाविज्ञानले सहयोग गर्दछ (शर्मा र पौडेल, २०६८, पृ. ८४-८५)। यसरी विषयवस्तु र पाठ्यसामग्रीको मात्र नभई पाठ्यक्रमकै मूल्याङ्कन गर्नुपर्ने भएकाले समाजभाषाविज्ञानले तत्तत् क्षेत्रहरूको अध्ययन गरी के कस्ता कार्यक्रमहरूलाई कसरी मूल्याङ्कन गर्ने भन्ने विषयमा सहयोग पुऱ्याउने देखिन्छ ।

## समाजभाषिक चिन्तन र भाषाशिक्षणको सम्बन्ध

समाजभाषिक चिन्तनका आधारमा समाजमा भाषाप्रयोगको स्थितिको अध्ययन गर्नमा अन्वेषकहरू केन्द्रित देखिएका छन्। यस क्षेत्रको अध्ययनमा मानवशास्त्री, मनोवैज्ञानिक, प्रशिक्षक र योजनाकारको विशेष रुचि रहेको देखिन्छ (पोखरेल, २०७६, पृ. ३४)। भाषा मानव समुदायको आवश्यक वस्तु भएकाले भाषाका माध्यमबाट समाजमा विभिन्न कार्यव्यापार सम्पन्न हुने गर्दछ। वर्तमान सन्दर्भमा समाज सापेक्ष र सम्प्रेषणीय भाषासिकाइका लागि समाजभाषाविज्ञानको प्रयोग भाषाशिक्षणमा उपलब्धिपूर्ण रहेको देखिएको छ। भाषाशिक्षण विविधतापूर्ण सन्दर्भमा गरी भाषिक भेदहरूभन्दा पनि मानक

भाषाको शिक्षण र प्रयोगमा जोड दिन समाजभाषाविज्ञानले सहयोग गर्दछ। त्यसैगरी भाषाशिक्षणका निम्ति उपयुक्त र आवश्यक पाठ्यवस्तु निर्धारण र निर्माण गर्न, शिक्षण विधि, मूल्याङ्कन प्रक्रिया एवम् सामग्री प्रयोगका लागि समाजभाषाविज्ञानको उपयोगिता रहन्छ (भण्डारी र पौड्याल, २०६५, पृ. ८३)। तसर्थ उपर्युक्त तथ्यका आधारमा पनि भाषाशिक्षण र समाजभाषाविज्ञानको सम्बन्ध नजिक रहेको देखिएको छ।

शिक्षणका निम्ति आवश्यक पाठ्यपुस्तक, शब्दकोश, व्याकरण आदिको निर्माण तथा भाषानीति र योजना बनाई भाषिक समुदायको विकास गर्न एवम् उनीहरूलाई सुसूचित गर्न समाजभाषाविज्ञानले सहयोग गर्दछ। मातृभाषा र दोस्रो भाषाप्रतिको शैक्षिक रणनीति बनाई भाषिक सामर्थ्य र सम्पादन प्रक्रियामा कोरा व्याकरण र ज्ञानपरक ढङ्गको शिक्षाभन्दा सम्प्रेष्य भाषा सिकाउने दृष्टिकोण समाजभाषाविज्ञानबाट नै भाषाशिक्षणमा प्राप्त हुने भएकाले भाषाशिक्षण र समाजभाषाविज्ञानबिचको सम्बन्ध प्रष्टिन्छ। भण्डारी र पौड्याल (२०६५) का अनुसार यी दुई बिचको सम्बन्धलाई देहायबमोजिम प्रष्ट पारिएको छ :

समाजभाषाविज्ञानले भाषा प्रयोगका विविध सामाजिक सन्दर्भहरूको व्याख्या गर्छ। भाषा शिक्षणले तिनै व्याख्येय सामाजिक सन्दर्भअनुसारको भाषिक सिप विकास गर्न जोड दिएको हुन्छ। त्यस्तै एकातिर समाज सापेक्ष बोध र अभिव्यक्तिगत सम्प्रेषणीय सन्दर्भहरू समाजभाषाविज्ञानका खोजका विषयहरू हुने गरेका छन् भने अर्कातिर भाषाशिक्षण तिनै सम्प्रेषणीय सन्दर्भहरूको अपेक्षित सिप विकासमा केन्द्रित रहेको देखिन्छ। विविधतायुक्त सन्दर्भमा भाषाशिक्षण गर्ने सुझ प्राप्त गर्न र तदनुरुप सामग्रीको व्यवस्था गर्न सहयोग पुऱ्याउनुका साथै विभिन्न भाषिक भेद प्रचलनमा रहेको क्षेत्रमा शिक्षणका निम्ति उपयुक्त हुने मानक भाषाको चयन गर्न पनि समाजभाषाविज्ञानले मदत पुऱ्याएको पाइएको छ। त्यसैगरी समाजभाषाविज्ञानले भाषाशिक्षणका निम्ति उपयुक्त र आवश्यक पाठ्यवस्तु निर्धारण र निर्माण गर्न, शिक्षण विधि तथा मूल्याङ्कन प्रक्रियाका लागि यसले निर्देश गरेको हुन्छ। यसले भाषा सिकारुका भाषिक पृष्ठभूमि, भाषिक समुदाय, भाषिक भेद र तिनको विशेषता एवम् प्रवृतिहरूको जानकारी दिन्छ भने भाषा शिक्षणले ती विविध भाषिक

जानकारीहरूको उपयोग गरेर भाषाशिक्षण विधि र प्रविधिहरूको निर्धारण र उपयोग गरेको हुन्छ ।

समाजभाषाविज्ञानले समाजसापेक्ष भाषा प्रयोगका विविध विषयवस्तु र क्षेत्रहरू छुट्याउने कार्य गरेको हुन्छ भने भाषाशिक्षणले तिनै विषयवस्तुहरूको उपयोग गरेर भाषाशिक्षणका पाठ्यसामग्रीहरूको निर्माण तथा शिक्षण योजना र प्रक्रिया निर्धारण गरेको हुन्छ । समाजभाषाविज्ञानले व्यकारण, शब्दकोश र विविध पाठ्यसामग्री निर्माणका भाषिक स्रोतहरू जुटाउँछ भने भाषाशिक्षणले तिनको उपयोग र निर्माण गर्ने सिप सिकाउँछ । समाजभाषाविज्ञानले आवश्यक स्रोत र सामग्री जुटाई भाषा शिक्षण गर्ने सुझ र सचेतताको विकास गरेको हुन्छ भने भाषाशिक्षणले समाजभाषाविज्ञानको अपेक्षा पूरा गर्न मद्दत गरेको हुन्छ । समाजभाषाविज्ञानले मातृभाषा वा पहिलो भाषा र दोस्रो भाषाका स्वरुप र स्तरको व्याख्या गरेको हुन्छ भने भाषाशिक्षणले उक्त व्याख्याका आधारमा शिक्षण सिकाइ प्रक्रिया र प्रविधिहरूको विकास गरेको हुन्छ । त्यसैगरी समाजभाषाविज्ञानले सामाजिक संस्कारअनुसारका विविध मानवीय आवश्यकता र अपेक्षाहरूको भाषिक सन्दर्भ प्रदान गर्छ भने भाषाशिक्षणले तिनै आवश्यकता र अपेक्षाहरूको परिपूर्ति गर्ने रणनीति बनाई विविध ढङ्गले शिक्षण उपयोग गरेको हुन्छ ।

यसप्रकार समाजभाषिक चिन्तन र भाषाशिक्षणबिचको सम्बन्ध स्पष्ट हुन्छ । यिनीहरू बिचको सम्बन्धले भाषाशिक्षण सिकाइ कार्यलाई प्रभावकारी र उपलब्धिमूलक बनाएको देखिन्छ ।

## प्राप्ति

प्रस्तुत अध्ययन समाजभाषिक चिन्तन र भाषाविज्ञानबिचको सम्बन्धमा केन्द्रित रहेर गरिएको छ । अध्ययनबाट समाजको प्रकृतिले समाजमा बोलिने भाषामा प्रत्यक्ष प्रभाव पार्ने देखिएको छ । मानिसले आफू बस्ने समाजको आवश्यकता, रहनसहन, चालचलन र कलासंस्कृतिअनुसार भाषाको विकास गर्ने गरेको देखिन्छ । वक्ताको आफ्नो वरिपरिको वातावरण तथा जीवनजगत्प्रतिको अभिव्यक्तिबाट भाषाको प्रकृति कस्तो छ भन्ने कुरा पत्ता लाग्ने देखिएको छ । समाजभाषाविज्ञानका अध्येताहरूले समाज परिवर्तन सँगसँगै भाषा पनि

परिवर्तन हुने कुरा बताएका छन् । समाजमा हुने नाताव्यवस्था, समाजको प्रकृतिअनसार भिन्न रहेको पाइएको छ । त्यसैगरी भाषाको प्रयोगमा जातीय सापेक्षता रहने भएकाले जातीय तथा सांस्कृतिक पहिचान भाषाबाटै प्रदर्शित हुने गरेको देखिएको छ । त्यस्तै आदरार्थी, आत्मीयता र सम्बोधन जस्ता कुराहरू भाषाका माध्यमबाट व्यक्त गर्दा समाजको प्रकृतिअनुसार भिन्न भिन्न रहेको पाइएको छ ।

भाषाको सामाजिक भेदमा तहीय विविधता पाइने भएकाले यसले समाजमा वर्ग विभाजन पनि गरेको पाइएको छ । विभिन्न जातजाति, पेसा व्यवसाय, लिङ्ग, उमेर, शिक्षा, बसोबासको स्थिति, पदप्रतिष्ठा आदि कारणले पनि भाषामा विविधता आउने कुरा समाजभाषाविज्ञानको अध्ययनबाट प्राप्त भएको छ । त्यस्तै भाषामा कहिलेकाहीँ पिजिन जन्मन सक्ने त्यसलाई मातृभाषाको रुपमा प्रयोग गर्दा र सामाजिक रुपमा समाजले ग्रहण गर्दा क्रिओल बन्न जाने कुरा अध्ययनबाट प्राप्त भएको छ । समाजभाषाविज्ञानमा भाािषक समुदायको पहिचान, भाषिक भेद, समाजमा बोलिने भाषाहरू बिचको अन्तर्सम्बन्ध भाषा प्रयोगको समाजभाषिक स्थिति, भाषिक अभिवृति, भाषाको संरक्षण र संवर्धनका लागि सम्बन्धित निकायबाट तयार पारिने भाषायोजना र नीतिका बारेमा अध्ययन हुने गरेको पाइएको छ । वर्तमान परिप्रेक्ष्यमा भाषाविज्ञानको एउटा शाखा समाजभाषाविज्ञान व्यापक जनरुचिको विषय बनेको छ । यसको अध्ययनका लागि समाजशास्त्री, भाषाशास्त्री र मानवशास्त्री निकै अग्रसर भएर लागेको पाइएको छ ।

भाषाको समाजपरक अध्ययन समाजभाषाविज्ञानमा भएको देखिन्छ । समाजका चालचलन, रीतिरिवाज, परम्परा र संस्कृतिका यावत् पक्षहरूको उत्थान, विकास, संरक्षण र सम्बर्धन सम्बन्धित समाजको भाषाले अध्ययन गर्ने गरेको देखिन्छ । भाषा सामाजिक सम्प्रेषण एवम् व्यवहारको महत्त्वपूर्ण र प्रभावकारी अध्ययन भएकाले भाषाशिक्षण गर्दा समाजभाषाविज्ञानको अध्ययनले प्रभाव पार्ने देखिएको छ । समाजभाषाविज्ञानले बहुभाषी कक्षामा भाषाशिक्षणको अवस्था पहिचान गरी भाषाशिक्षणलाई प्रभावकारी बनाउन सकिने देखिएको छ ।

भाषाका विविध रुप सिकाइका लागि तयार पारिएको क्रमबद्ध योजना

भाषापाठ्यक्रम भएकाले यसमा भाषाशिक्षणका उद्देश्य वा सक्षमता, विषयवस्तु र त्यसको क्रम, सङ्गठन, सिकाइ क्रियाकलाप तथा सिकाइ सहजीकरण र मूल्याङ्कनलाई समावेश गरिएको देखिन्छ। भाषापाठ्यक्रम निर्माण गर्दा समाजका विभिन्न जातजाति, संस्कार, वर्ग, प्रकार, भूमिका, स्तर, नातागोता आदि कुराहरू प्रभावक तत्वका रुपमा रहेको देखिएको छ। उक्त कुराहरू समाजभाषाविज्ञानको अध्ययन क्षेत्र भएकाले समाजभाषाविज्ञानले भाषापाठ्यक्रम निर्माणमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको पाइएको छ।

भाषाशिक्षणको आधिकारिक सामग्री भाषापाठ्यपुस्तक तयार पार्दा विद्यार्थीको भाषिक पृष्ठभूमि, पारिवारिक तथा सांस्कृतिक पृष्ठभूमि, भाषिक समुदायको स्थिति, विद्यार्थीहरूको रुचि, भौगोलिक अवस्था र सम्बन्धित क्षेत्रका व्यक्तिहरूका पेसा व्यवसायजस्ता कुराहरू ख्याल गर्नुपर्ने देखिएको छ। उक्त कुराहरू समाजभाषाविज्ञानको अध्ययन क्षेत्र भएकाले भाषापाठ्यपुस्तक निर्माणमा समाजभाषाविज्ञानले प्रभाव पार्ने गरेको देखिन्छ।

भाषापाठ्यपुस्तकलाई उपयोगी बनाउन शिक्षण सिकाइ प्रक्रिया प्रभावकारी हुनुपर्ने देखिन्छ। शिक्षण सिकाइ प्रक्रिया विद्यार्थीमैत्री बनाउन विद्यार्थीको भाषिक पृष्ठभूमि, पारिवारिक तथा सांस्कृतिक अवस्था, भौगोलिक तथा पेसाव्यवसायगत पृष्ठभूमिको अध्ययन जरुरी देखिएको छ। उक्त कुराको अध्ययन समाजभाषाविज्ञानले गर्ने भएकाले शिक्षण सिकाइ प्रक्रिया र समाजभाषाविज्ञानबिचको सम्बन्ध अन्योन्याश्रित देखिएको छ। त्यसैगरी भाषाशिक्षणको उद्देश्य भाषिक सिपहरूको शिक्षण भएकाले उद्देश्य प्राप्ति भए नभएको जाँच गर्न भाषिक मूल्याङ्कन गर्ने गरिन्छ। भाषिक मूल्याङ्कन गर्दा पनि विद्यार्थीको भाषिक पृष्ठभूमिलाई विचार गर्नुपर्ने देखिन्छ।

भाषाशिक्षणका निम्ति उपयुक्त र आवश्यक पाठ्यवस्तु निर्धारण र निर्माण गर्न, शिक्षण विधि चयन गर्न, मूल्याङ्कन प्रक्रिया एवम् सन्दर्भ सामग्री चयनका लागि समाजभाषाविज्ञानले महत्त्वपूर्ण भूमिका खेलेको देखिएको छ। तसर्थ भाषाशिक्षण कार्यलाई प्रभावकारी, उपलब्धिमूलक बनाउने समाजभाषाविज्ञानको महत्त्वपूर्ण भूमिका रहेको देखिएको छ।

व्यापक जनरुचिको विषय रहेको समाजभाषाविज्ञानले प्रायोगिक भाषाविज्ञानको क्षेत्रभित्र रहेको भाषाशिक्षणलाई पनि प्रभावित गरेको देखिएको छ । भाषाशिक्षण भाषिक सिपहरू सुनाइ, बोलाइ, पढाइ र लेखाइको शिक्षण भएको र उक्त भाषिक सिपहरूमध्ये सुनाइ, बोलाइ सिपलाई समाजले प्रत्यक्ष रुपमा प्रभाव पार्ने र ती सुनाइ र बोलाइले पढाइ र लेखाइलाई प्रभाव पार्ने देखिएकाले समग्र भाषाशिक्षणलाई समाजभाषाविज्ञानले प्रभावित पारेको देखिन्छ। तसर्थ समाजभाषाविज्ञानको अध्ययनबिना भाषाशिक्षण अपूरो हुने देखिएको छ। समाजको अध्ययनबिना भाषाशिक्षण गरियो भने समाज एकातिर र व्यक्तिको सिकाइ अर्कोतिर जाने देखिन्छ। जसबाट समाजको आवश्यकता पूरा नहुने देखिएको छ। त्यसैले समाजको आवश्यकताअनुसारको भाषाशिक्षण गर्न समाजभाषाविज्ञानको अध्ययन अपरिहार्य देखिएको छ। भाषापाठ्यक्रम निर्माण, पाठ्यवस्तुको छनोट, पाठ्यपुस्तक लेखन, शिक्षण प्रक्रिया छनोट र मूल्याङ्कन प्रक्रिया निर्धारणमा समाजभाषाविज्ञानले प्रत्यक्ष प्रभाव पार्ने देखिएको छ। यसप्रकार समाजभाषाविज्ञान र भाषाशिक्षणबिचको सम्बन्ध अन्योन्याश्रित देखिएको छ।

## निष्कर्ष

प्रस्तुत अध्ययनबाट समाजभाषाविज्ञान समाजसापेक्ष भएर भाषाको अध्ययन गर्ने विज्ञान हो भन्ने देखिएको छ। समाजभाषाविज्ञानमा भाषा, भाषिका, पिजिन र क्रिओल भाषाहरू, कोड चयन, भाषा समुदाय, क्षेत्रीय र सामाजिक विभेद, भाषिक परिवर्तन, भाषा र संस्कार, जनजातिशास्त्र र अध्ययन पद्धति, ठोस र नरमपन, अभिनय र संवाद, भाषा र लिङ्ग, भाषिक योजनाजस्ता कुराहरूको अध्ययन गरिन्छ। समाज र भाषा अध्ययनका मान्यताको खोजीसँगै समाजभाषाविज्ञानको जन्म भएको हो भन्ने देखिएको छ। भाषा र संस्कृतिका बिचको अध्ययन परम्परा धेरै लामो भए पनि समाजभाषाविज्ञानको अवधारणा सन् १९६० का दशकमा नै विकसित भएको र यो भाषाविज्ञानको एक शाखासमेत भएको भन्ने माथिका प्रमाणसाध्य तथ्यहरूबाट यसले भाषा र समाजको विविध पक्षको अन्तर्सम्बन्धका विषयमा अध्ययन गर्छ भन्ने पुष्टि भएको छ।

भाषा सामाजिक व्यवहार भएकाले भाषा अध्ययनमा समाजिक पक्षसँगै भाषिक पक्ष पनि महत्त्वपूर्ण हुने मान्यता समाजभाषाविज्ञानको अध्ययनले देखाएको छ। यसबाट भाषा मानवसमुदायको आवश्यक वस्तु भएकाले भाषाका माध्यमबाट समाजमा विभिन्न कार्यव्यापार सम्पन्न हुने स्पष्ट देखिएको छ। भाषाशिक्षणका सन्दर्भमा पनि सामाजिक भाषाविज्ञानको प्रयोग निकै भएको पाइएको छ। वर्तमान सन्दर्भमा समाज सापेक्ष र सम्प्रेषणीय भाषासिकाइका लागि समाजभाषाविज्ञानको प्रयोग भाषाशिक्षणमा उपलब्धिपूर्ण रहनु यसको प्रमाण हो भन्न सकिन्छ। प्रमाणहरूबाट समाजभाषाविज्ञानले भाषापाठ्यक्रम, पाठ्यपुस्तक निर्माण र लेखनमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ भन्ने देखिएको छ। यसबाट भाषाशिक्षण गर्दा समाजभाषाविज्ञानको अध्ययनले विद्यार्थीहरूमा देखिने भाषिक कठिनाइको निवारण गर्न सहयोग पुग्ने प्रष्ट हुन्छ।

भाषाशिक्षण विविधतापूर्ण सन्दर्भमा गरी भाषिक भेदहरूभन्दा पनि मानक भाषाको शिक्षण र प्रयोगमा जोड दिन समाजभाषाविज्ञानले सहयोग गर्ने भएकाले भाषाशिक्षणका निम्ति उपयुक्त र आवश्यक पाठ्यवस्तु निर्धारण र निर्माण गर्न, शिक्षण विधि, मूल्याङ्कन प्रकिया एवम् सामग्री प्रयोगका लागि समाजभाषाविज्ञानको उपयोगिता रहने देखिएको छ। उक्त तथ्यबाट शिक्षणका निम्ति आवश्यक पाठ्यपुस्तक, शब्दकोश, व्याकरण आदिको निर्माण तथा भाषानीति र योजना बनाई भाषिक समुदायको विकास गर्न एवम् उनीहरूलाई सुसूचित गर्न समाजभाषाविज्ञानले सहयोग गर्दछ भन्ने कुरा सिद्ध भएको छ। मातृभाषा र दोस्रो भाषाप्रतिको शैक्षिक रणनीति बनाई भाषिक सामर्थ्य र सम्पादन प्रक्रियामा कोरा व्याकरण र ज्ञानपरक ढङ्गको शिक्षाभन्दा सम्प्रेष्य भाषा सिकाउने दृष्टिकोण समाजभाषाविज्ञानबाटै भाषाशिक्षणबाट प्राप्त हुने तथ्यबाट भाषाशिक्षण र समाजभाषाविज्ञानबिचको सम्बन्ध बलियो छ भन्ने प्रमाणित भएको छ।

## सन्दर्भसामग्री

अधिकारी, हेमाङ्गराज (२०६२). *सामाजिक तथा प्रायोगिक भाषाविज्ञान* (तेस्रो संस्क.). रत्न पुस्तक भण्डार।

ओझा, रामनाथ (२०७४). *प्रायोगिक भाषाविज्ञान.* करुधरा पब्लिकेसन प्रा. लि. ।

पोखरेल, शैलजा (२०६९). *नेपाली भाषाको समाज भाषावैज्ञानिक अध्ययन.* ( अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध) मानविकी तथा सामाजिकशास्त्र सङ्काय, नेपाली केन्द्रीय विभाग, त्रि. वि. कीर्तिपुर ।

पौडेल, नेत्रप्रसाद (२०७३). *नेपाली भाषापाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षणपद्धति.* पैरवी प्रकाशन ।

पौडेल, माधवप्रसाद (२०७४). *प्रायोगिक भाषाविज्ञान.* विद्यार्थी प्रकाशन प्रा. लि.।

भण्डारी, पारसमणि, ओझा, रामनाथ, सुवेदी, सखिशरण र सुवेदी अर्जुप्रसाद ( २०६९). *नेपाली भाषाशिक्षण.* पिनाकल पब्लिकेसन प्रा. लि.।

भण्डारी, पारसमणि र पौड्याल, सालिकराम (२०६५). *सामाजिक भाषाविज्ञान र मनोभाषाविज्ञान.* विद्यार्थी पुस्तक भण्डार ।

रवीन्द्रनाथ, श्रीवास्तव (सन् १९९७). *भाषावैज्ञानिक सैद्धान्तिक चिन्तन.* राधाकृष्ण प्रकाशन प्रा. लि. । https://www.pustak.org/index.php/books/bookdetails/13422

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०६८). *नेपाली भाषाशिक्षणका सन्दर्भहरू.* विद्यार्थी पुस्तक भण्डार ।

Corder, S.P. (1973). Introducing applied linguistics. Oxford university press.

Crystal, D. (1988). *Linguistics anthropology*. Cambridge University Press. https://doi.org/10.1525/aa.1988.90.4.02a00270

Hudson, R.A. (1996). *Sociolinguistics*. Cambridge University Press. https://books.google.com.np/books?hl=en&lr=&id=HFIlSMXrzLMC&oi=fnd&pg=PR13&dq=hudson+1980+sociolinguistics

Hymes, D. (2020). The scope of sociolinguistics. *International Journal of the Sociology of Language*, 263, 67-76. https://doi.org/10.1515/ijsl-2020-2084

Pike, K. (1967). *Language in relation to a Unified Theory of the Structure of*

*Human Behavior*. Berlin, Boston: De Gruyter Mouton. https://doi.org/10.1515/9783111657158

Radford, A. and others (1999). *Linguistics introduction*. Cambridge University Press. https://books.google.com.np/books/about/Linguistics.html?id=l3BAqfd6zwkC&redir_esc=y

Saussure, F. (1959). *Course in gernal linguistics*. Philosophical library. file:///C:/Users/acer/Downloads/CourseinGeneralLinguistics_10009049.pdf.

Wardhaugh, R. (2000). Introduction to Linguistics. Blackwell Publishers. https://www.goodreads.com/book/show/5189284-introduction-to-linguistics

Wardhaugh, R. and Fuller, J. (2021). *An introduction to sociolinguistics* (7th ed.). Willey blackwell.